गोरखापत्र

GORKHAPATRA DAILY

# सोलुका गाविसमा नागरिक बडापत्र राख्न सुरु

• सोलुखुम्बु समाचारदाता

सोलुखुम्बु, असार १० गते। केही समयअघिसम्म कुनै पनि गाविसमा नागरिक बडापत्र नभएका सोलुखुम्बुका केही गाविसले सुरुवात गरेका छन्। जनतालाई प्रदान गरिने सेवा तथा त्यसका लागि पुऱ्याउनुपर्ने प्रक्रियाका बारेमा जानकारी नहुँदा स्थानीय जनता एउटा काम गर्नका लागि धेरैपटक धाउनु परिरहेको छ। अघिल्लो महिना चौलाखर्क गाविसको कार्यालय नागरिक बडापत्र राख्ने पहिलो गाउँ विकास समिति बनेको छ। अघिल्लो वर्ष विभिन्न चारवटा गाविस गाभेर बनाइएको दूधकुण्ड नगरपालिकाले पनि दुई हप्ताअघि नागरिक बडापत्र राख्यो। यस्तै जिल्लाको तिङ्ला, पञ्चन, नेले, देउसालगायतका गाविसले पनि यही साता नागरिक बडापत्र राखेका छन्।

२०६५ सालमा सु–शासन नियमावली लागू भएपछि हरेक स्थानीय निकायले नागरिक बडापत्र राख्नुपर्ने व्यवस्था भएको भए पनि जिल्लाका ३० वटा गाविसमध्ये कुनै पनि गाविसमा नागरिक बडापत्र राखिएको थिएन। गाविसबाट प्रदान गरिने सेवा, सम्पर्क व्यक्ति, सेवा लिन लाग्ने समय, दस्तुरलगायत उल्लेख गरिएको नागरिक बडापत्र सेवाग्राहीका लागि अति आवश्यक भएकाले गाविसमा राखिएको चौलाखर्क गाविसका सचिव राजबहादुर रोकायले बताउनुभयो।

उहाँका अनुसार जिल्लामा सञ्चालित स्थानीय निकायको कानुनी तथा नीतिगत व्यवस्था पालना अनुगमन परियोजनाले अनुशिक्षण कार्यक्रम सञ्चालन गरेपछि नागरिक बडापत्रको औचित्य बुझेर नागरिकले बडापत्रको खोजी गरेका हुन्। विविध कारणले गाविसमा नागरिक बडापत्र राख्न नसकिएको भए पनि यो आर्थिक वर्षभित्रमा जिल्लाका सबै गाविसमा नागरिक बडापत्र राखिसक्ने गाविस सचिव हकहित संरक्षण केन्द्र सल्लेरीका अध्यक्ष पशुपति पोखरेलले बताउनुभयो। नागरिक बडापत्र राखिसकेपछि नागरिकले खुसी व्यक्त गरेका तिङ्ला गाविसका सचिव श्यामराज खतिवडाले बताउनुभयो। हिमशिखर बहुद्देश्यीय संस्था सोलुखुम्बुले सञ्चालन गरेको स्थानीय निकायको कानुनी तथा नीतिगत व्यवस्था पालना अनुगमन परियोजनाले गाउँमा सञ्चालन गरेको अनुशिक्षणका क्रममा वडा नागरिक मञ्चका पदाधिकारीलाई नागरिक बडापत्रको व्यवस्था र आवश्यकताका बारेमा जानकारी गराउनुका साथै नागरिक बडापत्र राख्ने सम्बन्धमा सचिवहरूसँग छलफल गरेको कार्यक्रम संयोजक भोजेन्द्र बस्नेतले बताउनुभयो।